**Tribhuvan University**
**2082 (Regular)**

Bachelor Level 4 Yrs. Prog. / Humanities / II Year — Full Marks: 70

अनिवार्य नेपाली -४०२ — Time: 3 hrs.

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

१. तलका दुवै प्रश्नको उत्तर दिनुहोस : ३+३= ६

(क) तलको अनुच्छेदमा रेखाङ्कित शब्दको अक्षरीकरण र अक्षर सङ्ख्याङ्कनसमेत गर्नुहोस् :

हामी आज समाचार आतङ्कले ग्रसित छौं । हामीलाई समाचारहरूले ग्रसित र त्रसित पारेका छन् । हामी आफ्नै वरिपरिको परिवेशभित्र षडयन्त्रका काला छायाको झझल्को देख्दछौं ।

(ख) तलको अनुच्छेदलाई वर्णविन्यास मिलाई शुद्ध गर्नुहोस् :

विकाशका निम्ति सान्ती अनिबार्य कुरा हो । शान्त भएन भने समृद्दि हुन्न । त्यसैले हामि सबै आजै बाट उन्नतीको बाटोमा लागौ ।

२. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : ३+३= ६

(क) तलको गद्यांश पढी दुई तत्सम, दुई तद्भव र दुई आगन्तुक शब्द पहिचान गर्नुहोस् :

ग्रिन टिलाई स्वस्थकर पेय पदार्थका रूपमा विश्वभरि पिउने गरिन्छ । विशेषगरी चीन, जापानलगायत देशहरूमा यो ज्यादै लोकप्रिय छ । वैज्ञानिक अध्ययन र अनुसन्धानले यसको गुणस्तरीयताको पुष्टि गरेका छन् ।

अथवा

माथि प्रश्न नं. २ (क) को अनुच्छेदमा रेखाङ्कित शब्दको पदवर्ग पहिचान गर्नुहोस् ।

(ख) तलको अनुच्छेदबाट तीनवटा समस्त र तीन वटा द्वित्व शब्द टिपी तिनको निर्माणप्रक्रिया देखाउनुहोस् :

हिजोआज पाँचतारे होटलमा बसेर निमुखाहरूको उत्थानमा आल्तुफाल्तु गफगाफ गर्नेहरूलाई देख्दा रिस उठेर आउँछ । गरिबका नाममा आफै करोडपति बन्ने सपना उनीहरूको हुने गर्दछ । के गर्नु, यस्ता गोबरगणेशहरूसाग झैझगडा गरेर पनि नसकिने ।



(ग) तलको अनुच्छेद पढी छवटा प्राविधिक/पारिभाषिक शब्द टिपोट गर्नुहोस् :

पाश्चात्य चिकित्साशास्त्रले आश्चर्यजनक प्रगति हासिल गरिसकेको छ । खास गरी यस शताब्दीको उत्तरार्द्धमा जीवविज्ञान तथा जीवरसायनशास्त्रमा भएका प्रगति र शल्यचिकित्सा तथा संवेदनाहरण (एनेस्थेटिक) का सम्बन्धमा भएका विकासले गर्दा शल्यचिकित्सकलाई मानिसका मुटु र मस्तिष्क जस्ता अङ्गमा समेत आफ्ना चक्कुहरूको प्रयोग गर्न सम्भव तुल्याएको छ ।

३. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : ३+३= ६

(क) अज्ञात भूतकालका क्रियाको प्रयोग गरी आफूले देखेको कुनै सपनाको छ वटा वाक्यमा वर्णन गर्नुहोस् ।

(ख) आज्ञार्थक क्रियाको प्रयोग गरी साथीलाई गाउँमै उद्यम गरी आर्जन गर्न सल्लाह दिँदै ६ वाक्यको एउटा अनुच्छेद लेख्नुहोस् ।

(ग) तलका वाक्यलाई एउटै संयुक्त वाक्यमा वाक्यान्तरण गर्नुहोस्:

तराईमा प्रशस्त मात्रामा अन्न बाली उब्जन्छ । तराईको माटो ज्यादै उर्वर छ । तराईमा सिचाइको राम्रो व्यवस्था छ । तराई नेपालको अन्न भण्डार हो ।

४. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) तल दिइएको तालिकालाई अनुच्छेदमा रूपान्तरण गर्नुहोस् :

| वर्ष (वि.सं.) | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|
| २०७८ | ५५ | ६० | १४ |
| २०७९ | ६४ | ७० | २२ |
| २०८० | ७६ | ८० | १८ |
| २०८१ | ९१ | २२ | २१ |

अथवा

तलको अनुच्छेदको सूचना र तथ्यलाई तालिकामा रूपान्तरण गर्नुहोस् :

सम्पत्तिको आधारमा सबैभन्दा ठुलो राष्ट्रिय वाणिज्य बैङ्कको सम्पत्ति ८९ अर्ब २२ करोड रुपियाँ पुगेको छ । कुल सम्पत्तिको प्रतिशत भन्दा बढी



हिस्सा ओगटेको बैङ्कहरूमा कृषि विकास बैङ्, नेपाल इन्भेस्टमेन्ट वैङ्क र नबिल बैङ्कको क्रमशः ५९ अर्ब ४७ करोड, १९ अर्ब ९० करोड, ५८ अर्ब ९४ करोड रुपियाँ छ । नेपाल बैङ्कको कुल सम्पत्ति ५२ अर्ब ६० करोड रुपियाा बराबर छ ।

(ख) 'युवाशक्ति र देशविकास' शीर्षकमा १०० शब्दमा नघटाई एउटा अनुच्छेद लेख्नुहोस् ॥

५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरूले के कस्तो व्याकरणिक संसक्ति निर्माण गरेका छन् ?

कृष्णप्रसाद गाउँका भलादमी हुन् । गाउँको विकासमा उनको महत्त्वपूर्ण योगदान छ । कृष्णप्रसाद भनेपछि गाउँमा नचिन्ने कोही छैनन् । त्यसैले उनलाई अनुकरणीय व्यक्ति मानिन्छ ।

(ख) तलको अनुच्छेदमा रेखाङ्कित शब्दले केकस्तो कोशीय संसक्ति निर्माण गरेका छन् ?

देशलाई माया गर्नु देशवासीको कर्तव्य हो । जति आफूप्रति प्रेम हुन्छ, त्यति देशलाई पनि गर्नुपर्छ । देशको विकासमा सबै जुट्नुपर्छ । तेरो मेरो भन्ने भावना हटाउनुपर्छ । यही देशमा हाम्रो जन्म, त्यही देशमा हाम्रो मृत्यु पनि हुन्छ ।

६. (क) तलको गद्यांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् : १.५×४= ६

मानव विज्ञानको सुरुवात २६ लाख वर्षअघि भएको अनुमान गरिन्छ । लगभग २६ लाख वर्षपहिले मानव पुर्खाले सिकार खेल्नका लागि ढुङ्गाको हतियार निर्माण गरेका थिए । त्यो ढुङ्गे हतियार केन्यामा फेला परेको थियो । त्यसबखतका लागि ढुङ्गाको हतियार बनाउनु अहिले अन्तरिक्षको अध्ययनका लागि स्याटालाइट बनाउनु बराबरको आविष्कार हो । स्याटालाइट बनाउने वैज्ञानिक जति महान् हुन्, ढुङ्गाको हतियार बनाउने मानव पुर्खा पनि त्यति नै महान् हुन् । अर्थात् यसो भन्न सकिएला, आइन्स्टाइनले सापेक्षतावादको सिद्धान्त पत्ता लगाउनुभन्दा कम महान् कार्य थिएन, ढुङ्गाको हतियार बनाउनु । त्यसपछिको अर्को महान् आविष्कार हो



आगो । आगोको आविष्कार १४ लाख २० हजार वर्षपहिले अफ्रिकामा रहने मानव पुर्खाले गरेका थिए । ४ लाख वर्षपहिले मानव पुर्खाले ओत लाग्ने छाप्रो र जिउ ढाक्नका लागि छाला अथवा रुखका बोक्रा कपडाका रूपमा प्रयोग गर्न सुरु गरेका थिए । ती कसले पत्ता लगाएका थिए, कसले प्रयोग गर्न सुरु गरेका थिए ? हामी भन्न सक्दैनौं तर यी पनि हाम्रा लागि महान् वैज्ञानिक आविष्कार नै थिए । ती मानव पुर्खा हाम्रा लागि महान् वैज्ञानिक नै हुन् ।

हाम्रा पुर्खाले लाखौं वर्ष अघिदेखि सुरु गरेको आविष्कारकै निरन्तरता हो आजको विज्ञान र वैज्ञानिक आविष्कार । वैज्ञानिक चेतनाको विकास नभएको भए हाम्रो जीवन कति कहालीलाग्दो हुन्थ्यो ? कल्पना पनि गर्न सकिँदैन। अरू त के अहिले जस्तो जाडो र गर्मी छल्ने थरीथरीका कपडा मात्र नभइदिएको भए हाम्रो जीवन कति दर्दनाक हुने थियो । औषधी पत्ता नलागेको भए मानवजीवन सम्भव हुन्थ्यो ? शरीर संरचनाबारे थाहा नभएको हाम्रो जीवन सम्भव थियो ? बिजुली आविष्कार नभएको भए जीवन अन्धकारमय हुने थियो । अहिलेको औद्योगिक प्रगति असम्भव हुने थियो । गाडी अथवा हवाइजहाज नभएको भए मानव जीवन साघुरो भुगोललाई नै संसार मानेर बााच्न बाध्य हुने थियो । रकेट, स्याटलाइट नभइदिएको भए यो ब्रह्माण्ड हाम्रा लागि रहस्य मात्रै हुने थियो । सूर्य 'भगवान्' नै रहिरने थियो, चन्द्रमा 'पूज्य' नै रहिरहने थियो । तर वैज्ञानिक आविष्कारले ती के हुन्, हाम्रासामु राखिदिएको छ ।

**प्रश्नहरू**

(क) ढुङ्गाको हतियार बनाउनुलाई केसँग तुलना गरिएको छ ?

(ख) ढुङ्गाको हतियार निर्माण गर्नुलाई किन महान कार्य मानिएको हो ?

(ग) सूर्य 'भगवान्' नै रहिरने थियो, चन्द्रमा 'पूज्य' नै रहिरहने थियो भन्नुको तात्पर्य के हो ?

(घ) मानव विज्ञानको आरम्भ कसरी भएको थियो ?

(ख) तलको अनुच्छेद पढी सोधिएका प्रश्नको सर्वोपयुक्त उत्तरमा रेजा लगाउनुहोस्

गुरु भनेको यात्राको पथप्रदर्शक हो । कुनै पनि विषय क्षेत्रमा प्रवेश गर्न त्यसमा पारमिता प्राप्त गर्न उपस्थितिले सजिलो हुन्छ । गुरुले मान्छेलाई भयदेखि मुक्त गर्दछन्, अन्धविश्वासदेखि मुक्त गर्दछन्, आध्यात्मिक क्षेत्रमा गुरुले जीवनको लक्ष्य देखाउँछन्, पुग्नुपर्ने ठाउँतर्फ सङ्केत गर्दछन् र यसका



क्रमश.

Scanned with CamScanner

निम्ति मार्ग देखाउछन् तर भने मान्छे आफैले गर्न पर्दछ । त्यस निम्ति दक्षता प्राप्त गर्न गुरु निर्णायक होइनन्, विषयप्रतिको तत्परता र निरन्तरता निर्णायक हो । प्रेरणाका प्रतीक हुनुपर्ने हुँदा गुरु आदर्शवान् हुनु जरुरी हुन्छ । कमसेकम शिष्यलाई उसको गुरुत्व पात्रतामा सन्देह रहनु हुँदैन । त्यो गुरु अर्थात प्रेरणाको स्रोत भने संसारको जोसुकै र जेसुकै पनि हुन सक्छ । द्रोणाचार्यको मूर्तिलाई साक्षी बनाएर एकलव्य धनुर्विद्यामा पारङ्गत बनेका थिए । गुरुको गरिमाले शिष्यको निष्ठामा अधिक भर गरेको हुन्छ । आफ्नो विवादास्पद व्यक्तित्वका अतिरिक्त पनि एकलव्यको दिव्य शिष्यत्वकै कारण द्रोणाचार्यको गुरुत्व सम्मानित भएको छ । मान्छेहरू प्रायः एकलव्यले द्रोणाचार्यलाई गुरुदक्षिणास्वरूप बुढीऔँला समर्पित गरेकामा दुःखी हुन्छन् तर गुरुले मागेको दक्षिणा समर्पण गर्न नसकेको पश्चात्तापले जीवन भर पीडित रहनुका तुलनामा औँला काटेर दिनुमा नै एकलव्यले पूर्णता र परितृप्तिको अनुभव गरेनन् भनेर कसरी भन्नु । एकलव्यले आफ्नो जीवनमा पाएको चोट बुढीऔँला र धनुविद्याको सीपभन्दा धेरै उच्च कोटिको थियो भन्ने आधार पनि त छन् ।

**प्रश्नहरू**

(क) 'पथप्रदर्शक' शब्दको अर्थ कुन हो ?

(अ) सही मार्ग देखाउने (आ) प्रजातन्त्र

(इ) गुरु वचन (ई) उकालो यात्रा

(ख) गुरुका विशेषतामा तलका मध्ये कुन पर्दैन ?

(अ) आदर्शवान् (आ) सिर्जनात्मक

(इ) कठोर (ई) मानवता

(ग) शिक्षा कसरी आर्जन गरिन्छ ?

(अ) उत्खनन गरेर (आ) गहन अध्ययन र साधना गरेर

(इ) नाचगान गरेर (ई) संविधानमा लेखेर

(घ) गुरुको गरिमाले शिष्यको निष्ठामा अधिक भर गरेको हुन्छ । यस वाक्यमा उद्देश्य र विधेय कुन हुन् ?

(अ) गुरुको, गरिमाले (आ) निष्ठामा, हुन्छ

(इ) गरिमाले; हुन्छ (ई) भर, हुन्छ

७. प्रश्न नं. ६ (क) का अनुच्छेद पढी त्यसबाट मुख्यमुख्य चार बुँदा टिप्नुहोस् : ४

अथवा

प्रश्न नं. ६ (क) को गद्यांशलाई सङ्क्षेपीकरण गर्नुहोस् ।



८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) कुनै प्रसिद्ध निबन्धकारको व्यक्तिगत विवरण तयार पार्नुहोस् ।

(ख) आफ्नी दिदीको बिहेका लागि परिवारका जेष्ठ सदस्यका तर्फबाट पठाइने निमन्त्रणापत्रको नमुना तयार पार्नुहोस्

९. तलका शीर्षकमध्ये कुनै <u>एक</u> शीर्षकमा २५० शब्दको निबन्ध लेख्नुहोस् : ७

(क) मेरो जीवनको लक्ष्य

(ख) देशविकासको आधार : ग्रामीण विकास

(ग) नेपालमा पर्यटन व्यवसायको सम्भावना

१०. अन्तर्राष्ट्रिय इन्जिनियर दिवसको सन्दर्भ पारेर आयोजित वृक्षारोपण कार्यक्रमलाई समेटेर एउटा प्रतिवेदन तयार पार्नुहोस् । ५

११. कुनै <u>दुई</u> प्रश्नको उत्तर लेख्नुहोस् : ४+४ = ८

(क) 'तिम्रो र हाम्रो मन एक होओस्' गीतको मूल भाव के हो ?

(ख) 'मेरो चोक' कवितामा के कस्तो व्यङ्ग्य पाइन्छ ?

(ग) 'एक रात' कथामा के कस्तो क्रान्तिको भावना प्रस्तुत गरिएको छ ?

१२. कुनै <u>एक</u> प्रश्नको उत्तर लेख्नुहोस् : ६

(क) 'सत्ताको खोजमा' लैङ्गिक विभेदले ग्रस्त नेपाली समाजको चित्रण गरिएको सफल एकाङ्की हो । यस भनाइको पुष्टि गर्नुहोस् ।

(ख) 'चुली' विषयवस्तुगत र शैलीगत नवीनता भएको उपन्यास हो भन्ने विषयमा आफ्नो प्रतिक्रियात्मक अभिव्यक्ति दिनुहोस् ।

□



Scanned with CamScanner

Tribhuvan University

2082 (Regular)

Bachelor Level 4 Yrs. Prog. / Humanities / II Year — Full Marks: 70

Sociology (So.423) : Sociological Theories — Time: 3 hrs.

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

Attempt any **TWO** questions from Group A and **FOUR** from Group B.

## Group "A" (Long Answer Question) 2×15=30

1. Critically examine the structure of sociological theory with examples.
(समाजशास्त्रीय सिद्धान्तको संरचनाको वारेमा आलोचनात्मक वर्णन गर्नुहोस् ।)
2. Discuss the strengths and weaknesses of structural-functionalism with examples.
(संरचनात्मक-प्रकार्यवादको सवल र दुर्वल पक्षको बारेमा उदाहरण सहित वर्णन गर्नुहोस् ।)
3. What is structuration theory? Briefly explain the linkage between micro and macro theories with examples.
(संरचनाकरणको सिद्धान्त भनेको के हो ? सुक्ष्म र वृहत सिद्धान्तहरुको सम्बन्धको बारेमा उदाहरणसहित छोटकरीमा व्याख्या गर्नुहोस् ।)

## Group "B" (Short Answer Question) 4×10=40

4. Explain the key assumptions of power elite theory as described by C. Wright Mills.
(सी. राइट मिल्सको शक्ति अभिजान सिद्धान्तको मुख्य मान्यताहरुको वारेमा वर्णन गर्नुहोस् ।)

P.T.O.

Scanned with CamScanner

5. **Discuss the key concepts of social exchange theory explained by George C. Homan**
(जर्ज सी. होमनले वर्णन गरेको सामाजिक विनिमयको सिद्धान्तको मुख्य अवधारणाहरुको वारेमा वर्णन गर्नुहोस् ।)

6. **What are the basic assumptions of radical feminism? Explain.**
(आमूल क्रान्तिकारी महिलावादको आधारभूत मान्यताहरु के के हुन्? वर्णन गर्नुहोस् ।)

7. **Briefly explain the notion of economic determinism with examples.**
(आर्थिक निर्धारणवादको अवधारणाहरु उदाहरणसहित छोटकरीमा व्याख्या गर्नुहोस् ।)

8. **Writes shorts note on any TWO of the following:**
(कुनै दुइको छोटकरमि लेख्नुहोस् )
a) **Concept of phenomenology** (घटनाशास्त्रको अवधारणा )
b) **Strength of ethnomethodology** (लोकविधिशास्त्रको सवल पक्ष)
c) **Gender and society** (लैङ्गिकता र समाज )

□

**Tribhuvan University**
**2082 (Regular)**

Bachelor Level 4 Yrs. Prog. / Humanities / II Year — Full Marks: 70

**RDS- 423** : Economics and Development — Time: 3 hrs.

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

**Attempt any TWO questions from Group A and FOUR from Group B.**

## Group "A" Long Questions — 2×15=30

1. Illustrate different dimensions of the Nepalese economy. How can population management serve as a strategic measure to promote rural development? Give your arguments.
(नेपालको अर्थतन्त्रका विभिन्न आयामहरु चित्रण गर्नुहोस् । ग्रामीण विकासलाई प्रवर्द्धन गर्न जनसंख्या व्यवस्थापनले कसरी रणनीतिक उपायको रूपमा काम गर्न सक्छ ? आफ्ना तर्कहरु प्रस्तुत गर्नुहोस् ।)

2. Describe the central economic problems and explain the production possibility curve (PPC) with an illustration.
(केन्द्रीय आर्थिक समस्याहरूको वर्णन गर्नुहोस् र उत्पादन सम्भाव्यता रेखालाई सचित्र व्याख्या गर्नुहोस् ।)

3. What is agriculture? Critically explain the theory of agrarian change.
(कृषि भनेको के हो ? कृषिको परिवर्तन सिद्धान्तको आलोचनात्मक व्याख्या गर्नुहोस् ।)

## Group "B" Short Questions — 4×10=40

4. What is capital? Explain the capital formation process.
(पूँजी भनेको के हो ? पूँजी निर्माण प्रक्रिया व्याख्या गर्नुहोस् ।)

5. "Rural development is so important in Nepal but yet why is it not effectively happing?" Present your opinions.
("नेपालमा ग्रामीण विकास निकै महत्वपूर्ण छ तर यो किन प्रभावकारी रूपमा भइरहेको छैन?" आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।)

**P.T.O.**

Scanned with CamScanner

6. What are the challenges of remittance in Nepal? Illustrate with an example.
(नेपालमा विप्रेषणका चुनौतिहरु के-के हुन्? उदाहरणसहित व्याख्या गर्नुहोस् ।)

7. Why are cooperatives becoming problematic in Nepal? Provide your arguments.
(नेपालमा सहकारी किन समस्याग्रस्त भइरहेका छन् ? आफ्ना तर्क प्रस्तुत गर्नुहोस् ।)

8. Briefly explain the different dimensions of poverty.
(गरिबीका विभिन्न आयामहरुको संक्षिप्त व्याख्या गर्नुहोस् ।)

9. Write short notes on any TWO
(तलका मध्ये कुनै दुईमा छोटो टिप्पणी लेख्नुहोस् )

a) Gross Domestic Product (GDP) and Gross National Product (GDP).
(कुल ग्रार्हस्थ उत्पादन र कुल रीष्ट्रय उत्पादन )

b) Informal economy (अनौपचारकि अर्थतन्त्र )

c) Food security (खाद्य सुरक्षा)

□

Scanned with CamScanner

**Tribhuvan University**

**2082 (Regular)**

Bachelor Level 4 Yrs. Prog. / Humanities / II Year

Society and Development — Full Marks: 70

RDS. 424 — Time: 3 hrs.

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

**Attempt any TWO questions from Group A and FOUR from group B.**

## Group "A" Long Questions — 2×15=30

1. Explain the theory of functionalism along with its assumptions. How does functionalism affect education?
   (‘प्रकार्यवाद सिद्धान्त र यसका मान्यताहरु स्पष्ट रूपमा व्याख्या गर्नुहोस् । प्रकार्यवादले शिक्षामा कसरी प्रभाव पार्दछ ?)

2. What is meant by gender? Why is gender equality and social inclusion important in development? How does it affect society?
   (लैंगीक भन्नाले के जनाइन्छ ? विकासमा लैंगिक समानता र सामाजिक समावेशिता किन आवश्यक छ ?)

3. Define leadership and its components. How does leadership affect effectiveness of social organization effectiveness? Explain.
   (‘नेतृत्व भनेको के हो र यसका मुख्य घटकहरू के-के हुन् ? नेतृत्वले सामाजिक संस्थाको प्रभावकारितामा कस्तो असर पार्दछ ?

## Group "B" Short Questions — 4×10=40

4. How does power structure influence development process? Explain in brief.
   (शक्तिको संरचनाले विकास प्रक्रियामा कसरी प्रभाव पार्दछ ? संक्षेपमा व्याख्या गर्नुहोस् )

P.T.O.

Scanned with CamScanner

5. **Why is participatory approach is important for development. Explain.**
(विकासका लागि सहभागितामूलक दृष्टिकोण किन महत्वपूर्ण छ ? व्याख्या गर्नुहोस् )

6. **Briefly discuss about local initiative development.**
(विकासमा स्थानिय पहलको भुमिकाबारेमा संक्षिप्त व्याख्या गर्नुहोस् ।)

7. **Human trafficking is one of the serious problem in Nepal. Discuss the major causes.**
(मावन तस्करी नेपालमा एउटा गम्भीर समस्या हो । यसका मुख्य कारणहरु छलफल गर्नुहोस् ।)

8. **"Culture and development can go together". Explain this statement.**
("संस्कृति र विकास एकसाथ अघि बढ्न सक्छन् । यो भनाइलाई व्याख्या गर्नुहोस् ।)

9. **Write short notes on any TWO:**
(कुनै दुईमा छोटो टिप्पणी लेख्नुहोस् )
a) **Social justice** (सामाजिक न्याय)
b) **Globalization and localization** (विश्वव्यापीकरण र स्थानिकीकरण)
c) **Assimilation** (आत्मीकरण)

□

Scanned with CamScanner

Tribhuvan University
2082 (Regular)
Bachelor Level 4 Yrs. Prog. / Humanities / II Year
Research Methods in Sociology Full Marks: 70
**Sociology (So.424)** Time: 3 hrs.

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

Attempt any **TWO** questions from Group A and **FOUR** from Group B

**Group "A" (Long Answer Question)** 2×15=30

1. Define social research and explain the concepts of pure research, applied research, and action research.
(सामाजिक अनुसन्धान भन्नाले के बुझिन्छ ? ज्ञान निर्माण अनुसन्धान, व्यवहारिक अनुसन्धान, क्रियात्मक अनुसन्धानको अवधारणा स्पष्ट गर्नुहोस् ।)

2. Why is a literature review conducted in social research? Explain the procedures involved in reviewing literature.
(सामाजिक अनुसन्धानमा सन्दर्भग्रन्थको समीक्षा किन गरिन्छ ? सन्दर्भ ग्रन्थको समीक्षा गर्ने प्रक्रियाहरु वर्णन गर्नुहोस् ।)

3. Define the concept of research design. Describe any two types of research design with examples.
(अनुसन्धानको ढाँचाको अवधारण स्पष्ट गर्नुहोस् । अनुसन्धान ढाँचाका कुनै दुई प्रकारहरु उदाहरणसहित वर्णन गर्नुहोस् ।)

**Group "B" (Short Answer Question)** 4×10=40

4. What is sampling? Explain different types of probability sampling with appropriate examples.
(नमुना छनोट भनेको के हो ? सम्भाव्यता नमुनाका विभिन्न प्रकारहरु उपयुक्त उदाहरणसहित स्पष्ट गर्नुहोस् ।)

**P.T.O.**

Scanned with CamScanner

5. What is a questionnaire? Describe its types and the process of administering a questionnaire.
(प्रश्नावली भनेको के हो ? प्रश्नावलीका प्रकारहरु र यसको कार्यान्वयन प्रक्रिया वर्णन गर्नुहोस् ।)

6. Explain the role of variables in measuring social relationships.
(सामाजिक सम्बन्धहरुको मापन प्रक्रियामा चरहरुको भूमिका के हुन्छ ? स्पष्ट गर्नुहोस् ।)

7. Describe the steps involved in qualitative data analysis, supporte with relevant examples.
(गुणात्मक तथ्याङ्क विश्लेषणका कारणहरु उपयुक्त उदाहरणसहित वर्णन गर्नुहोस् ।)

8. Describe the importance of mean , median and mode in social research.
(सामाजिक अनुसन्धानमा मध्यक, मध्यमान र आवृत्ति को महन्त्व उल्लेख गर्नुहोस् ।)

9. Write shorts notes any TWO of followings:
(कुनै दुईको संक्षिप्त टिप्पणी लेख्नुहोस् )
a. Hypothesis (परिकल्पना)
b. Sources of literature (सन्दर्भ सामग्रीका स्रोतहरु)
c. Cross-sectional research design (खण्डात्मक अनुसन्धान ढाँचा)

□

Scanned with CamScanner

Tribhuvan University
2082 (Regular)

| | |
|---|---|
| Bachelor Level 4 Yrs. Prog. / Humanities / II Year | Full Marks: 70 |
| JMC. 423 : Media History, Law and Ethics | Time: 3 hrs. |

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

Attempt any TWO questions from Group A and FOUR from Group B.

## Group "A" :

**Long Answer Question** 2×15=30

1. What are the legal provisions exist for press freedom in South Asian countries, and how do they reflect the commitment to democratic values?
(दक्षिण एशियाली देशहरूमा प्रेस स्वतन्त्रताका लागि कानुनी प्रावधानहरू के के छन् ? ती प्रावधानहरूले लोकतान्त्रिक मूल्यप्रतिको प्रतिबद्धतालाई कसरी प्रतिबिम्बित गर्दछन् ?)

2. What are the key challenges in upholding ethics in Nepal's contemporary media landscape? Discuss the major moral values set out in the Journalists' code of Conduct, 2016
(वर्तमान सञ्चार माध्यमको परिप्रेक्ष्यमा नेपालको पत्रकारिता आचारसंहिता कार्यान्वयन गर्नका लागि मुख्य चुनौतीहरू के-के हुन्? नेपालको पत्रकार आचार संहितामा (२०७६) रहेका प्रमूख नैतिक मूल्यहरूका बारेमा चर्चा गर्नुहोस् ।)

3. Compare and contrast the mass media laws of the Peoples Republic as China highlighting their common provisions and differences.
(जनवादी गणतन्त्र चीनका सन्चारमाध्यमसँग सम्बन्धित कानुनहरूको तुलना गर्दै अन्तर देखाउनुहोस् । तिनीहरूका साझा प्रावधान र भिन्नताका सम्बन्धमा छलफल गर्नुहोस् ।)

## Group "B"

**Short Answer Questions** 4×10=40

4. What are the main similarities and differences between the press laws of the United Kingdom and Nepal?
(नेपाल र संयुक्त राज्यको प्रेस कानून प्रणालीबीचका मूख्य-मूख्य समानता र भिन्नता के के हुन ?)

5. Discuss the historical evolution of broadcast media in Nepal.
(नेपालमा प्रसारण मिडियाको विकासक्रमका बारेमा उल्लेख गर्नुहोस् ।)

6. Describe the organizational structure of print media in Nepal.
(नेपालको छापा माध्यमको संस्यागत बनोटको बारेमा वर्णन गर्नुहोस् ।)

7. Provide a brief overview of media laws in the USA.
(अमेरीकाको मिडियासम्बन्धी कानुनका बारेमा संक्षिप्त चर्चा गर्नुहोस् ।)

8. Discuss the copyright provisions in Nepal.
(नेपालमा कपि राइटसम्बन्धी प्रावधानका बारेमा स्पष्ट पार्नुहोस् ।)

9. What are the differences between law and ethics in practice?
(पत्रकारिताको अभ्यासमा कानुन र नैतिकतामा के फरक हुन्छ ? लेख्नुहोस् ।)

10. Elucidate the functions of the Press Council in Nepal.
(नेपालमा प्रेस काउन्सिलको कार्यहरूबारे स्पष्ट पार्नुहोस् ।)

□

Scanned with CamScanner

Tribhuvan University
2082 (Regular)

Bachelor Level 4 Yrs. Prog. / Humanities / II Year — Full Marks: 70

JMC. 424 : Basics of Media Research — Time: 3 hrs.

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

Attempt any TWO questions from Group A and FOUR from Group B.

## Group "A" :

**Long Answer Question** 2×15=30

1. What is the research process? Explain it, highlighting the importance of a literature review.
(अनुसन्धान प्रक्रिया भनेको के हो ? अनुसन्धानमा साहित्य समीक्षाको महत्वमाथि प्रकाश पार्दै व्याख्या गर्नुहोस् ।)

2. What is the importance of hypotheses in social science research?
(सामाजिक वैज्ञानिक अनुसन्धानमा अनुसन्धान परिकल्पनाको के महत्व छ ?)

3. What is the difference between research methodology and research methods? Explain with an example.
(अनुसन्धान पद्धति र अनुसन्धान तरिका बीच के फरक छ ? उदाहरण सहित व्याख्या गर्नुहोस् ।)

## Group "B"

**Short Answer Questions** 4×10=40

4. Describe the qualitative approaches used in media research, with examples.
(मिडिया अनुसन्धानको गुणात्मक तरिकाका सम्बन्धमा उदाहरण सहित लेख्नुहोस् ।)

5. What are the steps of a research proposal? Explain with a suitable example.
(अनुसन्धान प्रस्तावनाका विभिन्न तहहरू के के हुन ? उदाहरण दिनुहोस् ।।)

6. Explain the purpose of using the agenda-setting theory in media research.
(मिडिया अनुसन्धानमा एजेण्डा सेटिङ सिद्धान्तको प्रयोग कुन उद्देश्यका साथ गरिन्छ ? चर्चा गर्नुहोस् ।)

7. What ethical considerations should be observed in media research? Provide examples.
(मिडिया अनुसन्धानमा नैतिकताका पक्षहरू के के हुन्छन् ? उदाहरण दिनुहोस् ।)

8. Discuss media research as one type of social scientific research.
(सामाजिक वैज्ञानिक अनुसन्धानको एउटा हाँगोका रूपमा मिडिया अनुसन्धानका बारेमा छलफल गर्नुहोस् ।)

9. What are the different sources for document studies? Discuss with examples.
(डकुमेन्ट अध्ययनका विभिन्न स्रोतहरू के के हुन ? उदाहरणसहित चर्चा गर्नुहोस् ।)

□

Scanned with CamScanner

**Tribhuvan University**
2082 (Regular)

Bachelor Level 4 Yrs. Prog. / Humanities / II Year

| | |
|---|---|
| Basic Demographic Analysis | Full Marks: 70 |
| Pop. 423 | Time: 3 hrs. |

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

**Attempt any TWO questions from Group A and FOUR from Group B.**

## Group "A" (Long Questions) 2×15=30

1. Explain the different sources of demographic data.
(जनसांख्यिकीय तथ्याङ्कका विभिन्न स्रोतलाई व्याख्या गर्नुहोस् ।)

2. Explain the importance of age-sex structure in population studies.
(जनसख्या अध्ययनमा उमेर-लिङ्ग संरचनाको महत्ववारे छलफल गर्नुहोस् ।)

3. Discuss about business and political demographic indicators.
(व्यवसायिक र राजनीतिक जनसांख्यिकीय सुचकांकहरूबारे छलफल गर्नुहोस् ।)

## Group "B" (Short Questions) 4×10=40

4. Briefly discuss the measurement of fertility rates.
(प्रजननको दर मापनबारे संक्षेपमा छलफल गर्नुहोस् ।)

5. Discuss in brief the anatomy of a life table.
(जीवन तालिकाको संरचनाबारे संक्षेपमा छलफल गर्नुहोस् ।)

6. The population of a village in 2015 was 2,30,000. After 10 years its size increased to 2,40,000. Calculate the population growth rate of that village using $P_n = P_0(1+rt)$.
(सन् २०१५ मा एउटा गाउँको जनसंख्या २,३०,००० थियो । १० वर्षपछि यसको जनसंख्या बढेर २,४०,००० भयो । $P_n = P_0(1+rt)$ प्रयोग गरी उक्त गाउँको जनसंख्या बृद्धिदर निकाल्नुहोस् ।)

7. Define migration. Mention its types and calculate the measures or internal migration.
(वसाइसराइलाई परिभाषित गर्नुहोस् । यसका प्रकारहरू उल्लेखगरी आन्तरिक वसाइसराइका मापनहरूलाई गणना गरी देखाउनुहोस् ?)

8. Describe the various types of health indications.
(स्वास्थयका विभिन्न सूचाकांकहरूबारे वर्णन गर्नुहोस् ।)

9. Write short notes on (Any TWO):
(कुनै दुईको छोटो टिप्पणी लेख्नुहोस् ।)
a) Infant Mortality Rate (शिशु मृत्यु दर)
b) Mean Age at First Marriage (प्रथम विवाहको औसत उमेर)
c) Population Doubling Time (जनसंख्या दोब्बर हुन लाग्ने समय)

□

Scanned with CamScanner

**Tribhuvan University**
**2082 (Regular)**

Bachelor Level 4 Yrs. Prog. / Humanities / II Year Full Marks: 70

Pop. 424 : Basic Mathematics and Statistics for Population Studies

Time: 3 hrs.

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

**Attempt any TWO questions from group A and FOUR from group B.**

## Group "A" 2×15=30

1. Solve the following simultaneous linear equations with help of inverse matrix method.
   (Inverse matrix विधिको सहयोगले निम्न समीकरणहरुको समाधान गर्नुहोस् ।)
   $x + y - z = 3$, $2x + 3y + z = 10$ and $3x - y + 7z = 1$

2. Find mean and coefficient of variation from the following data:
   (निम्न तथ्याङ्कबाट औसत र परिवर्तन गुणांक पत्ता लगाउनुहोस् ।)

| X | 0 - 20 | 20 - 40 | 40 - 60 | 60 - 80 | 80 - 100 |
|---|---|---|---|---|---|
| Y | 5 | 8 | 12 | 15 | 16 |

3. Explain the procedure of hypothesis testing A sample of 100 students has an average height of 165 cm with SD = 10 cm. Test at 5 % level of significance if the population mean height is 167 cm.
   (Hypothesis Testing को प्रक्रिया व्याख्या गर्नुहोस् । १०० जना विद्यार्थीहरूको नमूनामा औसत उचाय १६५ से.मी. र मानक विचलन (SD) १० से.मी. पाइएको छ । जनसंख्याको औसत उचाइ १६७ से.मी. भएको अवस्थामा ५% महत्वस्तरमा परीक्षण गर्नुहोस् ।)

## Group "B" 4×10=40

4. In a town of 500 people, 300 like tea, 250 like coffee, and 100 like both. How many people like neither?
   (५०० जनाको एउटा सहरमा, ३०० जनालाई चिया मनपर्छ, २५० जनालाई कफी मनपर्छ, र १०० जनालाई चिया र कफी दुवै मनपर्छ कति जनालाई दुबै मन पर्दैन ? )

5. Calculate Chi-square ($\chi^2$) value for the following data set.
   (निम्न तथ्याङ्क सेटका लागि $\chi^2$ मान गणना गर्नुहोस् ।)

| Observed (O) | 20 | 25 | 30 | 35 | 40 | 40 |
|---|---|---|---|---|---|---|
| Expected (E) | 35 | 25 | 30 | 32 | 28 | 40 |

6. Find the equation of the line containing the point (-3,5) and parallel to the line $2x - 7y = 6$.
   (बिन्दु (-३, ५) लाई समावेश गर्ने र रेखा $2x - 7y = 6$ सँग समान्तर हुने रेखाको समीकरण फेला पार्नुहोस् ।)

7. Calculate correlation coefficient (सम्बन्ध गुणांक गणना गर्नुहोस् ।):

| X | 1 | 3 | 5 | 7 | 9 |
|---|---|---|---|---|---|
| Y | 5 | 10 | 15 | 20 | 23 |

8. Briefly describe the application of index number in Population Studies.
   (जनसंख्या अध्ययनमा सूचकाङ्कको प्रयोगलाई संक्षेपमा वर्णन गर्नुहोस् ।)

9. Write short notes on (Any TWO):
   (कुनै दुईको छोटकरीमा टिप्पणी लेख्नुहोस् ।)
   a) Sample and population in statistics (तथ्याङ्कमा नमूना र जनसंख्या)
   b) Properties of good estimator (असल अनुमानक विशेषताहरू)
   c) Categorical variables (वर्गीकृत चल)

□

Scanned with CamScanner

## Tribhuvan University
2082 (Regular)

Bachelor Level **4 Yrs. Prog.** / Humanities / II Year — Full Marks: 70

**Political Science (PS. 423) :Major Political System** — Time: 3 hrs.

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

**Attempt any TWO from A and FOUR from Group B.**

### Group "A" — 2×15=30

1. **Contrast between the parliamentary and presidential forms of government.**
(संसदिय र राष्ट्रपतिय प्रणालीका फरक लेख्नुहोस् ।)

2. **Distinguish between unitary and Federal states.**
(एकात्मक र संघात्मक राज्यका भिन्नता देखाउनुहोस् ।)

3. **Explain the semi-presidential system in the light of the French constitution.**
(फ्रान्सको संविधानका आधारमा अर्धराष्टपतिय प्रणालीका विशेषताहरु लेख्नुहोस् ।)

### Group "B" — 4×10=40

4. **Why the government of Switzerland is called confederal system? Clarify.**
(स्विटजरल्याण्डको सरकारलाई परिसंघ किन भनिन्छ ? स्पष्ट पार्नुहोस् ।)

5. **Describe the role of Monarchy in the UK.**
(संयुक्त अधिराज्य बेलायतमा राजतन्त्रको भूमिकाको वर्णन गर्नुहोस् ।)

P.T.O.

Scanned with CamScanner

6. Explain the political system of Bangladesh.
(बङ्गलादेशको राजनैतिक प्रणालीबारे चर्चा गर्नुहोस् ।)

7. Critically examine the political system of China.
(चीनको राजनैतिक प्रणालीबारे समिक्षात्मक मूल्याकंन गर्नुहोस् ।)

8. Discuss about the electoral system of the US President.
(अमेरिकाको राष्ट्रपतिको निर्वाचन प्रणालीवारे चर्चा गर्नुहोस् ।)

9. Enumerate the salient features of the Indian constitution.
(भारतको संविधानका मुख्य विशेषताहरू लेख्नुहोस् ।)

□

Scanned with CamScanner

Tribhuvan University

2082 (Regular)

Bachelor Level 4 Yrs. Prog. / Humanities / II Year — Full Marks: 70

**Political Science (PS. 424)** :International Studies — Time: 3 hrs.

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

Attempt any TWO questions from Group A and FOUR from Group B.

**Group "A" (Long Answer Question)** 2×15=30

1. Explain the relationship between foreign policy and diplomacy.
(परराष्ट्र निती र कुटनितीको सम्बन्ध स्पष्ट गर्नुहोस् ।)

2. Define national interest and describe its forms.
(राष्ट्रिय स्वार्थको परिभाषा दिदैं यसका स्वरूपवारे चर्चा गर्नुहोस् ।)

3. Critically examine the performance of SAARC.
(सार्कको कार्य सम्पादनको समिक्षात्मक मूल्यांकन गर्नुहोस् ।)

**Group "B" (Short Answer Question)** 4×10=40

4. What do you mean by a treaty? Mentions their classifications.
(सन्धी भन्नाले के बुझ्नु हुन्छ ? यसका वर्गिकरण बारे उल्लेख गर्नुहोस् ।)

5. Distinguish between asylum and extradition.
(राजनैतिक शरण र सुपुर्दगी बिचको भिन्नता देखाउनुहोस् ।)

6. What are the sources of national power? Describe them.
(राष्ट्रिय शक्तिका स्रोतहरू के के हुन् ? तिनीहरूको वर्णन गर्नुहोस् ।)

**P.T.O.**

Scanned with CamScanner

7. Differentiate between Human Rights and Fundamental Rights.
(मानव अधिकार र मौलिक अधिकारका फरक केलाउनुहोस् ।)

8. Discuss about the Rights of Land Locked Countries under the UN Convention 1982.
(संयूक्त राष्ट्रसंघको महासन्धी १९८२ अनुरूप भूपरिवेष्टित राष्ट्रका अधिकारहरू बारे चर्चा गर्नुहोस् ।)

9. Write short notes on: (छोटो टिप्पणी लेख्नुहोस:)
a. Terrorism (आतंकवाद)
b. ASEAN (आशियान)

Scanned with CamScanner

# Tribhuvan University

2082 (Regular)

Bachelor Level **4 Yrs. Prog.** / Humanities / II Year

Basic Psychology for Social Work — Full Marks: 70

**Social Work (SW. 423)** — Time: 3 hrs.

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

Attempt any TWO questions from Group A and FOUR from Group B.

## Group "A" (Long Answer Question) — 2×15=30

1. Define psychology and discuss the scope of psychology in the field of social work.
(मनोबिज्ञानलाई परिभाषित गर्नुहोस् र सामाजिक कार्यको क्षेत्रमा मनोविज्ञानको दायराको बारेमा छलफल गर्नुहोस् ।)

2. What are the determinants of psychology? Describe any five socio-cultural determinates with examples.
(मनोविज्ञानका निर्धारकह‼ ज्ञ के हुन् ? कुनै पाँच सामाजिक؟ ण्सांस्कृतिक निर्धारणलाई उदाहरण सहित वर्णन गर्नुहोस् ।)

3. State the application of psychology in mental health social work practice.
(मानसिक स्वास्थ्य सामाजिक कार्य अभ्यासमा मनोविज्ञानको प्रयोगको बारेमा चर्चा गर्नुहोस् ।)

## Group "B" (Short Answer Question) — 4×10=40

4. Critically analyse emotions and motivations as the fundamental dynamics of human behaviour.
(मानव व्यवहारको आधारभूत गतिशीलताको रूपमा भावनाहरू र प्रेरणाहरूको आलोचनात्मक विश्लेषण गर्नुहोस् ।)

5. Describe the Concept of Health and Psychosocial Wellbeing with examples.
(स्वास्थ्य र मनोसामाजिक कल्याणको अवधारणाको उदाहरण सहित वर्णन गर्नुहोस् ।

**P.T.O.**

Scanned with CamScanner

6. What is stress? Discuss the techniques of stress management.
(तनाव भनेको के हो ? तनाव व्यवस्थापनको विधिहरू छलफल गर्नुहोस् ।)

7. Discuss the relationships of psychology, mental health and social work.
(मनोविज्ञान, मानसिक स्वास्थ्य र सामाजिक कार्यको सम्बन्धको बारेमा छलफल गर्नुहोस् ।)

8. Why is it crucial to understand individual's attitude and personality in social work practice.
(सामाजिक कार्य अभ्यासमा व्यक्तिको ब्यक्तित्व र मनोवृतिको बुझाइ हुन किन महत्वपूर्ण छ । )

9. Write short notes: (छोटो टिप्पणीहरू लेख्नुहोस्)
   I. Psychodynamics (साइकोडायनामिक्स)
   II. Sensation and perception (संवेदना र धारणा )
   III. Learning (सिकाई)

□

Scanned with CamScanner

Tribhuvan University
2082 (Regular)
Bachelor Level 4 Yrs. Prog. / Humanities / II Year — Full Marks: 70
**Social Work (SW. 424)** — Time: 3 hrs.

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

***Use separate answer-book for each topic.***

SW 424-A (Social Case Work Practice) — Full Mark : 35

**Attempt any TWO questions from Group A and THREE from Group B.**

**Group "A"** 2×10=20

1. Define case work? Sketch out the historical development of social case work.
(केस वर्क भनेको के हो ? सामाजिक केस वर्क को ऐतिहासिक विकासको वर्णन गर्नुहोस् ।)

2. Describe the process of case work practice with examples.
(केश कार्य अभ्यासको प्रक्रिया उदाहरणहरूको साथ वर्णन गर्नुहोस् ।)

3. Discuss the interrelationship of psychosocial approach and functional approach with case work practice.
(केस वर्क अभ्यासको साथ मनोसामाजिक दृष्टिकोण र कार्यात्मक दृष्टिकोणको अन्तरसम्वन्धको बारेमा छलफल गर्नुहोस् ।)

**Group "B"** 3×5=15

4. State the importance of counselling in case work practice.
(केस वर्क अभ्यासको परामर्शको महत्वको चर्चा गर्नुहोस् ।)

5. State the importance of recording in case work.
(केस वर्कमा रेकर्डिङको महत्त्व बताउनुहोस् ।)

6. Discuss the applications of social case work in medical and psychiatric setting.
(चिकित्सा र मनोरोग सेटिंगमा सामाजिक केस वर्कको अनुप्रयोगहरूको बारेमा छलफल गर्नुहोस् ।)

7. Describe the components of a case work.
(केस वर्कका तत्वहरुको व्याख्या गर्नुहोस् ।)

8. Write short notes on any TWO: (कुनै दुईको छोटो टिप्पणी लेख्नुहोस्)
   I. Observation (अवलोकन)
   II. Crisis (संकट)
   III. Transference (टार्नसफरेन्स)

□

SW 424-B (Social Work Practice with Groups) — Full Mark : 35

**Attempt any TWO questions from Group A and THREE from Group B**

**Group "A"** 2×10=20

1. Define group work and describe the group dynamics and group development.
(समूह कार्यलाई परिभााषित गर्नुहोस् र गतिशिलता र विकासको वर्णन गर्नुहोस् ।)

2. Describe the Garland, Jones. and Kolodny's five stage model of group work theory with suitable examples.
(समूह कार्य अभ्यासमा गाप्ल्यान्ड जोन्स र कोलोडनिको पाँच चरण मोडेलको उदाहरण सहित वर्णन गनुहोस् ।)

3. Define leadership and discuss the types of leadership in group work practice.
(नेतृत्वलाई परिभाषित गर्नुहोस् र समूह कार्य अभ्यासमा नेतृत्वका प्रकारहरू छलफल गर्नुहोस् । )

P.T.O.

Scanned with CamScanner

## Group "B" 3×5=15

4. Describe the types of the recording in social group work.
(समुह कार्यको रेकर्डीङ्गको प्रकारहरु व्याख्या गर्नुहोस् ।)

5. State the group work practice with cooperative groups in Nepal.
(नेपालमा रहेका सहकारी समूहहरूसँग समूहगत कार्यको अभ्यासको वर्णन गर्नुहोस् ।)

6. State the importance of socio-metric pattern and its use in group work.
(समुह कार्यमा सोसियो म्याट्रिक प्याटर्नको प्रयोग र महत्वको बारेमा चर्चा गर्नुहोस् ।)

7. Describe NASW code of ethics in short.
(छोटकरीमा NASW कोड अफ एथिक्सको वर्णन गर्नुहोस् ।)

8. Write short notes on any TWO: (कुनै दुईको छोटो टिप्पणी लेख्नुहोस्)
a) Story Telling (कथा वाचन)
b) Task oriented group (कार्यमुखी समूह)
c) Program media (प्रोग्राम मिडिया)

□

Scanned with CamScanner

**Tribhuvan University**
**2082 (Regular)**
**Bachelor Level 4 Yrs. Prog. / Humanities / II Year**

| | |
|---|---|
| नेपाली लोकसाहित्य र पूर्व आधुनिक नेपाली साहित्य | Full Marks: 70 |
| नेपाली ४२३ | Time: 3 hrs. |

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

१. कुनै दुई प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् : २×१२=२४

क) लोकगीतका तत्त्वहरूको चर्चा गर्दै यसका प्रमुख विशेषताहरूको विवेचना गर्नुहोस् ।

ख) प्राथमिककालीन नेपाली कविताको भक्तिधाराका विभिन्न उपधारका प्रवृत्तिहरूको समीक्षा गर्नुहोस् ।

ग) उपन्यासकार गिरीशवल्लभ जोशीका प्रवृत्तिहरूको चर्चा गर्दै माध्यमिककालीन नेपाली उपन्यासको विकासमा उनले पुऱ्याएको योगदानको मूल्याङ्कन गर्नुहोस् ।

२. कुनै तीन प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : ३×१०=३०

क) 'सोरठी' कस्तो लोकनाट्य हो ?

ख) 'पुण्य मल्लको ताम्रपत्र' (१३९३) र 'खण्डखाद्य' को परिचय दिनुहोस् ।

ग) कवि यदुनाथ पोखरयालका प्रवृत्ति के के हुन् ?

घ) 'मुद्राराक्षस' का आधारमा भवानीदत्त पाण्डे कस्ता गद्यकार हुन् ?

ङ) 'कि ऊ जानोस् कि मै जानु' गजलको मूल भाव के हो ?

३. तलका दुवै प्रश्नको उत्तर दिनुहोस् :

क) तलको पद्यांशको प्रसङ्ग उल्लेख गर्दै त्यसका भावविधार एवं भाषाशैलीको व्याख्या गर्नुहोस् : ८

हे भाइ ! गर्छौ किन् आज जिद्दी ।
फिर्नू असल् छैन र काम् न सिद्धी ॥
जान्छू म वन्मा तिमि फर्कि जाऊ ।
यस् राज्यको काम् तिमिले चलाऊ ॥

('रामायण' को 'अयोध्याकाण्ड' बाट )

ख) तल दिइएको गद्यांश पढी अन्त्यमा सोधिएका प्रश्नको अतिसङ्क्षिप्त उत्तर दिनुहोस् । ५×१.६=८

कवि दुइ प्रकारका हुन्छन् । पैल्हा स्वाभाविक् अथवा सहज कवि, दोस्रा संसर्गी अर्थात् कृत्रिम कवि । स्वाभाविक कविका बराबर कृत्रिम कवि कदापि हुन सक्दैन । सहज कविका कविताका बराबर संसर्गी कविता कैल्यै पनि हुन्न । सहज कवितामा अर्थ र शब्दको अलङ्कार सरासर देखिन्छ । जो सहज कवि छ उस्ले कविता गर्दा लेख्न हुने नहुने क्यै विचार राख्दैन अर्थात् कसैको तारीफ गरी लेख्नुपऱ्यो भने गुण दोष बराबर लेखी दिन्छ, उ कसैको पर्वाह गर्दैन । यस्तो कविता गरे ज्यान् जाला भन्ने भय कत्ति मनमा मान्दैन । यस्तो स्वभाव संसर्गी कविका कदापि हुन्न । कविता गर्दा जत्तिको परिश्रम संसर्गी कविलाई हुन्छ उत्तिको सहज कविलाई पर्दैन ।

प्रश्नहरू :

अ) कवि कति प्रकारका हुन्छन् ?

आ) सहज कविको खास पहिचान के हो ?

इ) सहज कविताको मूल अभिलक्षण के हो ?

ई) संसर्गी कविको खास चिनारी के हो ?

उ) माथिको गद्यांशमा के कस्तो भाषाशैलीगत विशेषता पाइन्छ ?

□

Scanned with CamScanner

# Tribhuvan University

2082 (Regular)

Bachelor Level 4 Yrs. Prog. / Humanities / II Year

आधुनिक नेपाली निबन्ध, यात्रा साहित्य र अन्य साहित्य — Full Marks: 70

नेपाली ४२४ — Time: 3 hrs.

*Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.*

१. कुनै दुई प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् : २×१२=२४

(क) साहित्य विधाका रूपमा निबन्धको परिचय दिँदै त्यसका प्रकारको विवेचना गर्नुहोस् ।

(ख) आधुनिक नेपाली यात्रा साहित्यको विकासप्रक्रियाको चरण र त्यसका मुख्य प्रवृत्तिको समीक्षा गर्नुहोस् ।

(ग) पारिजातको 'एउटा चित्रमय सुरुवातको प्रथम प्रकरण' आत्मकथाको विधातत्वगत आधारमा विवेचना गर्नुहोस् ।

२. तलका कुनै तीन प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : ३×१०=३०

(क) लक्ष्मीप्रसाद देवकोटाको 'शिक्षा' निबन्धमा कस्तो शिक्षा आवश्यक मानिएको छ ?

(ख) शारदा शर्माको 'अंशयुद्ध' निबन्धमा केकस्तो विषयवस्तु समेटिएको छ ?

(ग) तारानाथ शर्माको 'बैकिनीको आँशुमा डुब्छ बयलपाटा' अनुसार बयलपाटा किन बैकिनीहरूका आँशुमा डुब्छ ?

(घ) दामोदर पुडासैनीको 'मायालु हुम्ला' मा हुम्ला मायालु लाग्नुको कारण के हो ?

(ङ) जनकलाल शर्माको 'हिजोको सम्झना आजको सन्दर्भमा' संस्मरणमा कुन सन्दर्भको वर्णन गरिएको छ ?

३. तलका दुवै प्रश्नको उत्तर दिनुहोस् :

क) तल दिइएको अंशको प्रसङ्ग उल्लेख गर्दै भावविचार, भाषाशैलीको समेत व्याख्या गर्नुहोस् : ८

जीवनमा सिक्न कहिल्यै छाडिदैन रहेछ वा भनौँ जीवनले हामीलाई सिकाउन छाड्दैन रहेछ । सिक्ने कुरामा अल्छी मानेको पाए, जीवन झर्किंदो रहेछ र कुकुरलाई पनि गुरुको अवतार बनाई पठाइदिंदो रहेछ ।

('जीवन : एक प्राध्यापक !' निबन्धबाट)

(ख) तलको गद्यांश पढी अन्त्यमा सोधिएका प्रश्नको अतिसङ्क्षिप्त उत्तर दिनुहोस् : ५×१.६= ८

पानी नभई हुन्न– चरम सत्य, डरलाग्दो पनि छ– भएकै कुरो हो । हावा चाहिन्छ– कसलाई थाहा छैन, संहारक पनि हो– भोगेकै कुरो । तर पनि पानी चाहिन्छ, हावा चाहिन्छ, साहित्य जस्तै । साहित्य चाहिन्छ, कला चाहिन्छ– हावापानी जस्तै । अर्थात् हावा, पानी र साहित्य एउटै हो । तद्विषयक एउटै-एउटै, तद्विषयक भिन्नाभिन्नै ।

प्रश्नहरू :

(अ) माथिको भनाइअनुसार मानिसलाई चाहिने कुरा केके हुन् ?

(आ) हावा र पानीलाई किन सकारात्मक र नकारात्मक अर्थमा लिइएको हो ?

(इ) साहित्यलाई हावा र पानी जस्तै कसरी मान्न सकिन्छ ?

(ई) 'तद्विषयक एउटै-एउटै, तद्विषयक भिन्नाभिन्नै' भन्नुको तात्पर्य के हो ?

(उ) उपर्युक्त गद्यांशको भाषाशैली केकस्तो छ ?

□

Scanned with CamScanner